नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८२/८/२१
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/५/१३ गते “राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८२” स्वीकृत भएको छ। उक्त संशोधित नियमावली मिति २०८२/७/२० गते नेपाल राजपत्रको भाग ३ को खण्ड (७५) संख्या ४० मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मुद्रण विभागबाट प्रकाशन भएकाले राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुने गरी कार्यान्वयन हुन सम्बन्धित सबै निकायहरु तथा सर्वसाधारणको जानकारीका लागि मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको छ।

(मनिता श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता
युवा तथा खेलकुद मन्त्रालय

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

# भाग ३

## नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २३

### राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८२

राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली,२०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्रिय खेलकुद विकास नियमावली,२०७९ को नियम ३ मा संशोधन** : राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को खण्ड (घ) मा रहेका "राष्ट्रिय सङ्घ वा महासङ्घको" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय सङ्घ वा महासङ्घ वा परिषद्मा दर्ता भएका ओलम्पिक कमिटीको" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल नियमावलीको नियम १० मा संशोधन** : मूल नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(छ१) अघिल्लो आर्थिक वर्षमा कम्तीमा एउटा राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सम्पन्न गरेको पुष्टि गर्ने प्रमाण कागजात,"

४. **मूल नियमावलीको नियम १३ मा संशोधन** : मूल नियमावलीको नियम १३ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (२) बमोजिम दिइएको दर्ताको प्रमाणपत्र एक आर्थिक वर्षको लागि मान्य हुनेछ।"

५. **मूल नियमावलीमा नियम १३क. थप** : मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छः-

"१३क. ओलम्पिक कमिटीको नवीकरण : (१) नियम १३ बमोजिम दर्ता भएका ओलम्पिक कमिटीको दर्ताको प्रमाणपत्र नवीकरणका लागि देहायका कागजात संलग्न गरी मान्य अवधि सकिनु अगावै परिषद्मा निवेदन दिनु पर्नेछः-

(क) परिषद्मा दर्ता भएको प्रमाणपत्रको दर्ता नम्बर र मिति,

(ख) पछिल्लो वर्षको वार्षिक प्रतिवेदन,

(ग) कार्य समितिको आवधिक निर्वाचन भएको मिति,

(घ) कार्य समितिका बहालवाला पदाधिकारीहरूको नामावली,

(ङ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) स्थायी लेखा नम्बर परिचय-पत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले जाँचबुझ गरी अनुसूची-१ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो ओलम्पिक कमिटी नवीकरण गरिदिनेछ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र दर्ता प्रमाणपत्रको नवीकरण नगराउने ओलम्पिक कमिटीको अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत र त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत थप दस्तुर बुझाई नवीकरण गराउन सकिनेछ।

(४) परिषद्ले उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगर्ने ओलम्पिक कमिटीको दर्ता खारेज गरी आवश्यक कारबाहीका लागि सम्बन्धित अन्तर्राष्ट्रिय संस्था समक्ष सिफारिस गर्न सक्नेछ।"

६. **<u>मूल नियमावलीमा नियम १४क. र १४ख. थप</u>** : मूल नियमावलीको नियम १४ पछि देहायका नियम १४क. र १४ख. थपिएका छन्:-

"१४क. <u>परिषद्सँग समन्वय तथा परामर्श गर्नु पर्ने:</u> परिषद्मा दर्ता भएको ओलम्पिक कमिटीले देहायको कार्य गर्दा परिषद्सँग समन्वय तथा परामर्शमा गर्नु पर्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल सङ्घ वा महासङ्घमा सुशासन कायम गर्ने सम्बन्धमा कुनै कार्य गर्दा,

(ख) आफ्नो विधान संशोधन गर्दा ।

१४ख. मन्त्रालयको सहमति लिनु पर्नेः परिषद्मा दर्ता भएको ओलम्पिक कमिटीले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिनिधित्व गर्नु पर्दा परिषद्को सिफारिसमा मन्त्रालयको सहमति लिनु पर्नेछ।"

७. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-१ मा रहेका "नियम १३ को उपनियम (१)" भन्ने शब्दहरु पछि "र नियम १३क. को उपनियम (२)" भन्ने शब्दहरु थपिएका छन्।

(२) मूल नियमावलीको अनुसूची-४ को सट्टा संलग्न बमोजिमको अनुसूची-४ राखिएको छ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-४

(नियम २८ को उपनियम (३), (६) र (७) सँग सम्बन्धित)

<u>पुरस्कार रकम</u>

**(क) ओलम्पिक प्रतियोगिता, एशियन खेलकुद प्रतियोगिता, दक्षिण एशियाली खेलकुद प्रतियोगिता तथा अन्तर्राष्ट्रिय मान्यताप्राप्त अन्य अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्नेलाई प्रदान गरिने पुरस्कार रकम**

| विवरण | | खेलाडीलाई प्रदान गरिने (व्यक्तिगत प्रतिस्पर्धा) पुरस्कार रकम (रुपैयाँमा) | खेलाडीलाई प्रदान गरिने (सामूहिक प्रतिस्पर्धा) पुरस्कार रकम जनही (रुपैयाँमा) | प्रशिक्षकलाई प्रदान गरिने पुरस्कार रकम (रुपैयाँमा) | सहायक प्रशिक्षक, व्यवस्थापक, फिजियो वा चिकित्सकलाई प्रदान गरिने पुरस्कार रकम (रुपैयाँमा) | खेल सङ्घलाई प्रदान गरिने पुरस्कार रकम (रुपैयाँमा) |
|---|---|---|---|---|---|---|
| **खेलकुद प्रतियोगिता** | **पदक** | | | | | |
| १. ओलम्पिक खेल (गृष्मकालीन/शीतकालीन/ पारा/विशेष) र विश्वकप फुटबल | स्वर्ण | एक करोड तीस लाख | बाउन्न लाख | तेह्र लाख | छ लाख पचास हजार | उन्नाइस लाख पचास हजार |
| | रजत | सन्तानब्बे लाख | पैंतालीस लाख | सात लाख असी हजार | तीन लाख नब्बे हजार | पन्ध्र लाख साठी हजार |
| | कास्य | पैंसट्ठी लाख | छब्बीस लाख | पाँच लाख पचासी हजार | दुई लाख बयानब्बे हजार | एघार लाख सत्तरी हजार |
| २. युथ ओलम्पिक गेम्स (गृष्मकालीन र शीतकालीन) | स्वर्ण | पैंसट्ठी लाख | छब्बिस लाख | सात लाख पचास हजार | तीन लाख | नौ लाख पचहत्तर हजार |
| | रजत | अठ्चालिस लाख पचास हजार | तेइस लाख पचास हजार | चार लाख नब्बे हजार | एक लाख पन्चानब्बे हजार | सात लाख असी हजार |
| | कास्य | बत्तिस लाख पचास हजार | तेह्र लाख | तीन लाख नब्बे हजार | एक लाख छयालिस हजार | पाँच लाख पचासी हजार |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. विश्व ओलम्पिक कमिटीद्वारा मान्यता प्राप्त खेलका अन्तर्राष्ट्रिय महासंघका विश्व स्तरीयका आधिकारिक च्याम्पियनसिप तथा राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भएका सङ्घको सम्बन्धित अन्तर्राष्ट्रिय महासङ्घबाट मान्यता प्राप्त विश्व स्तरीय च्याम्पियनसीप | स्वर्ण | पचास लाख पचास हजार | पन्ध्र लाख | छ लाख पचास हजार | तीन लाख पचास हजार | तेह्र लाख |
| | रजत | तीस लाख पचास हजार | आठ लाख पचास हजार | चार लाख नब्बे हजार | दुई लाख पच्चीस हजार | छ लाख पचास हजार |
| | कास्य | बीस लाख | पाँच लाख नब्बे हजार | तीन लाख पचास हजार | एक लाख तीस हजार | तीन लाख नब्बे हजार |
| ४. अन्तर्राष्ट्रिय महासङ्घबाट मान्यता प्राप्त जुनियर (उमेर समूह समतेलाई) विश्व च्याम्पियनसीप इन्टरनेशनल युनिभर्सिटी स्पोर्ट्स फेडेरेशन गेम्स/ (विश्व विद्यालय समेत) इन्टरनेशनल स्कूल स्पोर्ट्स फेडेरेशन गेम्स | स्वर्ण | सोह्र लाख पच्चीस हजार | छ लाख पचास हजार | तीन लाख पच्चीस हजार | एक लाख बैसट्ठी हजार | छ लाख |
| | रजत | नौ लाख पचहत्तर हजार | तीन लाख पच्चीस हजार | एक लाख पन्चानब्बे हजार | सन्तानब्बे हजार | तीन लाख पच्चीस हजार |
| | कास्य | छ लाख पचास हजार | एक लाख पन्चानब्बे हजार | एक लाख तीस हजार | साठी हजार | एक लाख पन्चानब्बे हजार |
| ५. एशियन गेम्स | स्वर्ण | बत्तीस लाख पचास हजार | तेह्र लाख | छ लाख पचास हजार | तीन लाख पच्चीस हजार | तेह्र लाख |
| | रजत | उन्नाइस लाख पचास हजार | छ लाख पचास हजार | तीन लाख नब्बे हजार | एक लाख पन्चानब्बे हजार | छ लाख पचास हजार |
| | कास्य | तेह्र लाख | तीन लाख नब्बे हजार | दुई लाख साठी हजार | एक लाख तीस हजार | तीन लाख नब्बे हजार |

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. कम्तीमा १२ देशको सहभागिता भएको आइ.एफ.एशियन च्याम्पियनसीप | स्वर्ण | दश लाख | पाँच लाख | तीन लाख | एक लाख | तीन लाख |
| | रजत | छ लाख | तीन लाख | एक लाख असी हजार | साठी हजार | एक लाख असी हजार |
| | कास्य | तीन लाख | एक लाख पचास हजार | नब्बे हजार | तीस हजार | नब्बे हजार |
| ७. कम्तीमा १२ देशको सहभागिता भएको आइ.एफ. जुनियर एशियन च्याम्पियनसीप | स्वर्ण | आठ लाख | तीन लाख | दुई लाख | सत्तरी हजार | दुई लाख |
| | रजत | पाँच लाख | दुई लाख | एक लाख पचास हजार | पचास हजार | एक लाख तीस हजार |
| | कास्य | दुई लाख | एक लाख | असी हजार | तीस हजार | असी हजार |
| ८. ओलम्पिक कमिटी अफ एशियाको आयोजनामा हुने एशियन वीच गेम्स | स्वर्ण | आठ लाख | तीन लाख | दुई लाख | सत्तरी हजार | दुई लाख |
| | रजत | पाँच लाख | दुई लाख | एक लाख पचास हजार | पचास हजार | एक लाख तीस हजार |
| | कास्य | दुई लाख | एक लाख | असी हजार | तीस हजार | असी हजार |
| ९. ओलम्पिक कमिटी अफ एशियाको आयोजनामा हुने एशियन मार्सल आर्ट र इनडोर गेम्स | स्वर्ण | आठ लाख | तीन लाख | दुई लाख | सत्तरी हजार | दुई लाख |
| | रजत | पाँच लाख | दुई लाख | एक लाख पचास हजार | पचास हजार | एक लाख तीस हजार |
| | कास्य | दुई लाख | एक लाख | असी हजार | तीस हजार | असी हजार |
| १०. दक्षिण एशियाली गेम्स | स्वर्ण | एघार लाख सत्तरी हजार | सात लाख असी हजार | छ लाख पच्चीस हजार | तीन लाख नब्बे हजार | छ लाख पचास हजार |
| | रजत | सात लाख असी हजार | पाँच लाख बीस हजार | तीन लाख नब्बे हजार | दुई लाख साठी हजार | तीन लाख नब्बे हजार |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कास्य | तीन लाख नब्बे हजार | दुई लाख साठी हजार | दुई लाख साठी हजार | एक लाख तीस हजार | दुई लाख साठी हजार |

ओलम्पिक लगायत अन्तर्राष्ट्रियस्तरका अफिसियल खेलकुद प्रतियोगितामा क्वालिफाइङ चरण पार गर्नेको हकमा माथि उल्लेख भए बमोजिम हुने र वाइल्डकार्ड वा सोझै सहभागी हुने खेलकुद प्रतियोगिताहरूको हकमा उल्लिखित रकमको आधा पुरस्कार रकमको व्यवस्था गर्ने।

**(ख) अन्तर्राष्ट्रिय स्तरका क्रिकेट प्रतियोगितामा पदक प्राप्त गर्नेलाई प्रदान गरिने पुरस्कार रकम**

| विवरण | | खेलाडी (सामूहिक प्रतिस्पर्धा) पुरस्कार रकम जनही (रुपैयाँमा) | प्रशिक्षक पुरस्कार रकम (रुपैयाँमा) | सहायक प्रशिक्षक व्यवस्थापक फिजियो वा चिकित्सक पुरस्कार रकम (रुपैयाँमा) | खेल सङ्घलाई पुरस्कार रकम (रुपैयाँमा) |
|---|---|---|---|---|---|
| खेलकुद प्रतियोगिता | पदक | | | | |
| १. विश्वकप क्रिकेट प्रतियोगिता (सिनियर) | स्वर्ण | बत्तीस लाख पचास हजार | तेह्र लाख | छ लाख पचास हजार | तेह्र लाख |
| | रजत | छब्बीस लाख | सात लाख असी हजार | तीन लाख नब्बे हजार | सात लाख असी हजार |
| | कास्य | उन्नाइस लाख पचास हजार | पाँच लाख पचासी हजार | दुई लाख नब्बे हजार | पाँच लाख पचासी हजार |
| २.विश्वकप क्रिकेट प्रतियोगिता (उमेर समूह) | स्वर्ण | सोह्र लाख | छ लाख | तीन लाख पच्चीस हजार | छ लाख |
| | रजत | नौ लाख साठी हजार | चार लाख | दुई लाख | चार लाख |
| | कास्य | चार लाख असी हजार | दुई लाख | एक लाख | दुई लाख |
| ३.एशियन कप (सिनियर) | स्वर्ण | दश लाख | पाँच लाख | तीन लाख | पाँच लाख |
| | रजत | छ लाख | तीन लाख | एक लाख असी हजार | तीन लाख |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | कास्य | तीन लाख | एक लाख पचास हजार | नब्बे हजार | एक लाख पचास हजार |
| ४.क्षेत्रीय एशियाली प्रतियोगिता (सिनियर) | स्वर्ण | पाँच लाख | तीन लाख | दुई लाख | तीन लाख |
| | रजत | तीन लाख | एक लाख असी हजार | एक लाख बीस हजार | एक लाख असी हजार |
| | कास्य | एक लाख पचास हजार | नब्बे हजार | साठी हजार | नब्बे हजार |
| ५. क्षेत्रीय एशियाली प्रतियोगिता (उमेर समूह) | स्वर्ण | तीन लाख | दुई लाख | एक लाख | दुई लाख |
| | रजत | एक लाख असी हजार | एक लाख बीस हजार | साठी हजार | एक लाख बीस हजार |
| ६. एशियन कप (उमेर समूह) | स्वर्ण | आठ लाख | चार लाख | दुई लाख पचास हजार | चार लाख |
| | रजत | चार लाख असी हजार | दुई लाख चालीस हजार | एक लाख पचास हजार | दुई लाख चालीस हजार |
| | कास्य | दुई लाख चालीस हजार | एक लाख बीस हजार | पचहत्तर हजार | एक लाख बीस हजार |
| (ग) | राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेमा प्रति खेलाडी रू. एक लाख | | | | |
| (घ) | राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नयाँ अन्तर्राष्ट्रिय कीर्तिमान कायम गरेमा प्रति खेलाडी रू. दुई लाख | | | | |

**आज्ञाले,**

**डा. हरि प्रसाद लम्साल**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।